खडक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सप्तरी
मधेश प्रदेश, नेपाल
फोन नं. : ०३१–५४००५४

पत्र संख्या : २०८२/०८३

च.नं. :

मिति : २०८३/०१/२४

**बिषय : सरकारी तथा सार्वजनिक जग्गा संरक्षण सम्बन्धि सार्वजनिक सूचना ।**

श्री सरोकारवालाहरु सबै,
खडक नगरपालिका, सप्तरी ।

प्रस्तुत् विषयमा **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को **परिच्छेद १३** मा भएको स्थानीय तहको सम्पत्तिको संरक्षण सम्बन्धि व्यवस्था अन्तर्गत नगरपालिकाको क्षेत्रभित्रका सम्पत्तिको संरक्षण सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को एक सय बुँदे कार्य सूचीको बुँदा नं. ९२ मा उल्लेख भएको व्यवस्था कार्यान्वयन गर्न श्री जिल्ला प्रशासन कार्यालय सप्तरी, राजविराज (प्रशासन शाखा) को प.स. २०८२/८३ च.न. १३६७ (प्रशा.) मिति २०८३/०१/२३ गतेको पत्रानुसार यस खडक नगरपालिका भित्र रहेका सार्वजनिक तथा सरकारी जग्गाहरु अतिक्रमण गरिएका जग्गाहरु खाली गराउने कार्यको लागि पत्र प्राप्त भएकोले सोहीअनुसार यो सार्वजनिक सूचना प्रकाशन भएको मितिबाट १५ दिन भित्र उक्त जग्गाहरु खाली गरी सहयोग गरिदिनुहुन् अनुरोध छ । साथै उक्त समय भित्र खाली नगरेमा कानून बमोजिम खाली गर्ने व्यहोरा अनुरोध छ ।

.....................
हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सप्तरी, राजबिराज
(प्रशासन शाखा)

फोन : ०३१-५३०३६६
०३१-५३०१७४
फ्याक्स :०३१-५३०६२४

प.स. २०८२/८३
प्रशा./च.नं. १३६६(प्रशा.)

मिति २०८३।०१।२३

श्री प्रशासन
आ०का० ऊर्नु पेश गर्नु
2083/1/23.

बिषय: सरकारी तथा सार्वजनिक जग्गा संरक्षण सम्बन्धमा ।

श्री नगरपालिका/गाउँपालिका, सबै
सप्तरी ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुँदा नं. ९२ बमोजिम सरकारी तथा सार्वजनिक जग्गामा रहेको अतिक्रमण हटाउने सम्बन्धमा गृह मन्त्रालय, आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखाको च.नं. ६५० मिति २०८३।०१।१७ गतेको पत्रबाट लेखि आएकोले देहाय बमोजिम गर्न गराउनुहुन आदेशानुसार अनुरोध छ ।

देहाय:

१. आफ्नो जिल्लामा रहेका सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी बसेका घरपरिवारमध्ये बास्तविक सुकुम्वासी हुन् र को होइनन् भन्ने पहिचान गरी विवरण उपलब्ध गराउने ।
२. वास्तविक पहिचान गरिएका सुकुम्बासीलाई तत्काल अन्यत्र व्यवस्थापन (सुरक्षित आवास, स्वास्थ्य खानपान, गोपनियताको संरक्षण, औषधी उपचार तथा परामर्श, महिला तथा अपाङ्गतामैत्री आवास कक्ष, सुरक्षा प्रबन्ध लगायत) योजनाको तयारी सम्बन्धित पालिकाले व्यवस्थापन मिलाउने ।
३. वास्तविक सुकुम्बासीलाई व्यवस्थापन गर्ने योजना सहित आवश्यक सुरक्षा प्रबन्धका लागि स्थानीय तहले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट माग गर्ने ।
४. अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गा हटाउने कार्यका लागि तत् तत् निकायबाट गरिने कार्यका सम्बन्धमा तहाँ कार्यालयंहरुबाट आम जनतालाई सुसूचित गर्ने गराउने ।

दर्ता नं.: 2609
मिति: 2083/01/24

2083/01/23
सन्तोष राय
प्रशासकीय अधिकृत

web:www.daosaptari.moha.gov.np email:daosaptari1@gmail.com